नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

## प्रेश विज्ञप्ती

आज २०७९ भाद्र २० गतेका दिन मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सोह्रौं राष्ट्रिय दिवसको अवसरमा महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय उमा रेग्मीज्यूको प्रमुख आतिथ्यतामा मूल समारोहको कार्यक्रम "**तीनै तहका सरकार: मानव बेचबिखन विरुद्धको सरोकार**" भन्ने राष्ट्रिय नाराका साथ संवैधानिक निकायका माननीय अध्यक्ष एवं सदस्यज्यूहरु राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यू, नेपाल सरकारका उच्च पदस्थ अधिकृतज्यूहरु, सुरक्षा निकायका उच्च पदस्थ पदाधिकारीज्यूहरु, विभिन्न मन्त्रालयका पदाधिकारीज्यूहरु लगायत सबै सरोकारवाल निकाय र सामाजिक अभियान्ताज्यूहरुको उपस्थितिमा भव्यताका साथ सम्पन्न भयो।

मानव बेचबिखन तथा ओसारपसार विरुद्धको सोह्रौं राष्ट्रिय दिवस, मूल समारोह कार्यक्रमको अध्यक्षता महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका श्रीमान् सचिव डिल्लीराम शर्माज्यूले गर्नु भएको थियो। उक्त कार्यक्रममा मन्त्रालयका सहसचिव श्री लक्ष्मी कुमारी बस्नेतले कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्रीज्यू र कार्यक्रममा उपस्थित सम्पूर्ण अथितिज्यूहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो। सो समारोहमा मानव बेचबिखन तथा ओसारपसार रोकथाम र नियन्त्रणको क्षेत्रमा सचेतना फैलाउने एवं उद्धार गर्ने कार्यमा सक्रिय योगदान पुर्‍याउनुहुने व्यक्ति तथा संस्थाहरुको कामको उच्च मूल्याङ्कन गर्दै सम्मान पत्र र पुरस्कार वितरण गरियो।

यसै सन्दर्भमा महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह(एटविन) का अध्यक्ष सिता पौडेलज्यूले मानवबेच बिखन एक दण्डनीय र जघन्य अपराध हो यसको नियन्त्रणका लागि हामी सँधै राज्यको साथमा छौं, साथै राज्यले केन्द्र देखि स्थानीय तहसम्म संयन्त्र निर्माण तथा सहकार्य गरी अगाडि बढेमा यस अपराधलाई निस्तेज र नियन्त्रण गर्न सक्नेछौं भन्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो कार्यक्रममा शक्ति समूहका अध्यक्ष चरिमाया तामाङज्यूले परिवारमा सुमधुर सम्बन्ध स्थापित गरी आर्थिक र सामाजिक रुपमा सवलीकरण हुन सके मात्र मानवबेच बिखन नियन्त्रण गर्न सकिन्छ भन्ने कुरामा जोड दिनु भयो। माइति नेपालका संस्थापक अध्यक्ष अनुराधा कोइरालाज्यूले दिवसलाई मात्र प्राथमिकता नदिइ मानवबेच बिखन मुक्त देश बनाउन हामी सबै एक जुट भई अगाडी बढ्नु पर्ने कुरामा जोड दिनुभयो।

राष्ट्रिय योजना आयोगका सदस्य माननीय सलोनी सिंह प्रधानज्यूले महिला पुरुष सबै महिलावादी मात्र नभई मानवतावादी हुन सबैलाई आव्हान गर्नु भयो। राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय लिली थापाज्यूले बढ्दो सूचना प्रविधिको प्रयोगसँगै मानव बेचबिखनको स्वरुप परिवर्तन भएको अवस्थामा प्रविधिको सदुपयोग गरी सशक्तिकरण गर्न सकिने पक्षमा जोड दिनुभयो। राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला पराजुलीज्यूले सारभुत रुपमा मानव बेचिबखन मुक्त समाज निर्माणमा सबै सरोकारवाला निकायसँग सहकार्य र समन्वय गरी अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

मूल समारोहका प्रमुख अतिथि माननीय महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूले जोखिमयुक्त समुदायलाई जीविकोर्पाजन सुधार र उद्यमशिलतामा जोड दिँदै आजको यस दिवसले मानव बेचबिखन तथा ओसारपसार मुक्त र मर्यादित समाज निर्माण गर्ने कार्यमा हामी सबैलाई थप उर्जा र प्रेरणा मिलोस् भनी सम्वद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रमको अध्यक्ष एवं महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका श्रीमान् सचिव डिल्लीराम शर्माज्यूले सबैका साझा संकल्प र प्रतिवद्धताबाट मात्र मानव बेचबिखन तथा ओसारपसार मुक्त मर्यादित समाज निर्माण गर्न सकिने हुँदा यसको नियन्त्रण र रोकथामका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यमा जोड दिई तीनै तहको सरकारबिच एकीकृत योजना बनाइ अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो साथै सबैको साथ सहयोग समन्वय तथा सहकार्यका लागि हार्दिक अनुरोध गर्दै यस कार्यक्रमको प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा माननीय मन्त्रीज्यूप्रति आभार व्यक्त गर्नुभयो र सम्पूर्ण सहभागीहरुलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

भाद्र २०, २०७९

(ध्रुवराज पण्डित)
प्रवक्ता/सहसचिव
2069/04/20